नेपाली राजदूतावास, अबुधाबी
Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np

EMBASSY OF NEPAL ABU DHABI, U.A.E.

*Ref.*

## सूचना

कोभिड-१९ विश्वव्यापी महामारीका कारण संयुक्त अरब इमिरेट्स (युएइ) बाट नेपाल फर्कनुपर्ने अवस्थामा रहेका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई चार्टर्ड उडानहरूमार्फत नेपाल फर्काउने क्रम जारी छ । यसअन्तर्गत युएइको अबुधाबी, दुबई र शारजाहाँ विमानस्थलबाट नेपाल एयरलाइन्स, हिमालय एयरलाइन्स, एयर अरेबिया, इतिहाद एयरवेज र फ्लाई दुबईका ८२ वटा उडानहरूबाट हालसम्म करिब १३,७८५ जना नेपालीहरू स्वदेश फर्किसक्नुभएको छ ।

यस राजदूतावासले गत २८ अप्रिल २०२० देखि खुला गरेको नेपालीहरूको विवरण संकलन फाराम (**Registration Form for Nepali Nationals in the UAE**) १० जुलाई २०२० पश्चात् भर्ने र अन्य माध्यमहरू (टेलिफोन, इमेल एवं फेसबुक) बाट राजदूतावासमा सम्पर्क गरी नेपाल फर्कन नाम टिपाउनुहुने नेपालीहरूको एकीकृत नामावली सार्वजनिक गरिएको छ। नेपाल सरकारबाट युएइ-काठमाडौं रुटको नयाँ हवाई उडान तालिका स्वीकृत भई राजदूतावासमा प्राप्त हुनासाथ सार्वजनिक गरिनेछ ।

साथै, १२ जुलाई २०२० मा यस राजदूतावासले प्रकाशित गरेको एकीकृत नामावली पनि यथावत कायम रहेको व्यहोरासमेत अनुरोध छ ।

नेपाली राजदूतावास
अबुधाबी ।

१३ अगष्ट २०२०